उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय

फोन नं. ०८८५३००१२
पान नं. २०१३७८९७

प.सं ०८०।०८१
च.नं.

मिति २०८०।१२।१९

# मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित मिति २०८०।१२।१९

कर्णाली प्रदेश सरकारले गरिब, बेरोजगार तथा विपन्न दलितको परम्परागत पेशा वा व्यवसायलाई आधुनिकिकरण गदै आय आर्जन क्षमता विकास गर्न देहायका कार्यक्रम सञ्चालन गर्न लागेको हँदा यस कार्यक्रममा सहभागी हुन चाहने रुकुम पश्चिम जिल्ला भित्रका इच्छुक दलित, समुदाय तथा दलितलाई वितीय पहुँच सेवा दिन इच्छुक सहकारी संस्थाले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्द्र दिनभित्र देहाय बमोजिमका कागजात संलग्न राखी यस कार्यालयमा आवेदन दिनहुन मुख्यमन्त्री दलित आय आर्जन कायक्रम सञ्चालन नियमावली, २०८० को नियम ८ को उपनियम (२) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | कार्यक्रम | विनियोजन बजेट |
|---|---|---|
| १ | सीप विकास तालिम कार्यक्रम | १५६८०००। |
| २ | सामग्री तथा पूर्वाधार सहयोग कार्यक्रम | २७४४०००। |
| ३ | वित्तीय पहँचु सहयोग कार्यक्रम | ३५२८०००। |

### सीप विकास कार्यक्रमका विषयहरु

एड्भान्स सिलाइकटाइ सम्बन्धि तालिम, छालाजुता मर्मत तथा सिलाइ तालिम, आरन तथा ग्रील सुधार सम्बन्धि तालिम, काठका मुर्ती तथा बस्तु निर्माण तालिम, हेयर कटीङ हाउस वाइरीङ तालिम

१२।१९
कार्यालय प्रमुख

cell-9857853378 mail- gharelu.rukum@gmail.com
"कर्णाली समृद्धिको आधार, पर्यटनको विकास र पुर्वाधार"

आवश्यक कागजातः

१. सीप विकास तालिम कार्यक्रमको लागि आवश्यक कागजातः

(क) नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्र,

(ख) सम्बन्धित निर्वाचान क्षेत्रभित्र कम्तीमा छ महिना अगाडि देखि बसोबास गरेको, समान प्रकृतिको कार्यक्रम बाट लाभ प्राप्त नगरेको, विपन्न नागरिक भएको र परम्परागत रूपमा पेशा गदै आएको व्यहोराको स्थानीय तहको सिफारिस,

(ग) नियमावलीको अनुसुचि-३ बमोजिमको आवेदन,

(घ) सीप विकास तालिम कार्यक्रमका लागि परम्परागत पेशा वा व्यवसायमा संलग्न भएको प्रमाण र तालिम पछि आय आर्जन व्यवसायमा संलग्न हने कबुलियतनामा ।

२. सामग्री तथा पूर्वाधार सहयोग कार्यक्रमका लागि आवश्यक कागजातः

(क) नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्र,

(ख) सम्न्धित निर्वाचान क्षेत्रभित्र कम्तीमा छ महिना अगाडि देखि बसोबास गरेको, समान प्रकृतिको कार्यक्रम बाट लाभ प्राप्त नगरेको, विपन्न नागरिक भएको र परम्परागत रूपमा पेशा गदै आएको व्यहोराको स्थानीय तहको सिफारिस,

(ग) नियमावलीको अनसुची १ बमोजिमको व्यावसावयक योजना, लागत साझेदारी प्रस्ताव, व्यवसाय दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,

(घ) नियमावलीको अनुसुची -३ बमोजिमको आवेदन,

(ङ) पेशा, व्यवसायलाई आधुनिकीकरण गर्न आवश्यक मेसिन, उपकरण वा पुर्वाधार निर्माणको व्यावसायिक प्रस्ताव,

(च) दलितलाई सङ्गठित गरी सामूहिक रूपमा उत्पादन तथा आय आर्जनका क्रियाकलाप व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक पुर्वाधार निर्माणको व्यवसायीक प्रस्ताव,

(छ) सीप अभिवृदि तालिम प्राप्त गरी रोजगारीमा आबद्ध हुन चाहने लाभग्राहीले आवश्यक सामग्री वा उपकरण खरिद तथा उद्योग स्थापनाका लागि आयोजना प्रस्ताव,

कार्यालय प्रमुख

(ज)लाभग्राहीलाई सङ्गठित गरी सामूहिक स्तरमा आय आजनका क्रियाकलाप सञ्चालन गर्न सहयोग पुग्ने सहकारी साझेदारी उद्योग वा व्यवसाय सम्बन्धि साझेदारी युक्त लागत प्रस्ताव,

(झ) समूहगत लाभग्राहीको हकमा प्रत्येक समूहमा फरक फरक घर परिवारका कम्तीमा पन्द्र जना लाभग्राही समेटिएको समूहको निणयको प्रतिलिपी र सदस्यको नामावली,

(ञ) पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबर्द्ता।

**३. वित्तीय पहुँच सहयोग कायक्रमका लागि आवश्यक कागजातः**

(क) सहकारी संस्थाको संस्था दर्ता प्रमाणपत्र, विनियम, पछिल्लो लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) नियमावलीको अनसूची-१ बमोजिमको व्यावसायिक योजना र अनसूची-४ बमोजिमको प्रतिबध्दता पत्र,

(ग) सहकारी संस्थाको साधारण सभा वा सञ्चालक समिती बाट बिउँ पुजि रकम प्राप्त गरी आय आजन कायक्रममा अतिकतम परिचालन गर्ने व्यहोराको निणर्यको प्रतिलिपी,

(घ) सहकारी संस्थाको कार्यक्षेत्र, वित्तीय क्षमता, शेयर सदस्य संख्या र संगठनात्मक संरचनाको विवरण खुलेको कागजात,

(ङ) पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबर्द्ता।

नोट

आबेदन फम यस कार्यालयबाट उपलब्ध हुनेछ ।

<u>थप जानकारीका लागि सम्पर्क</u>

०८८५३००१२

कार्यालय प्रमुख